नेपाल सरकार

अर्थ मन्त्रालय

**आन्तरिक राजस्व विभाग**

नवौं राष्ट्रिय कर दिवस २०७७ को शुभकामना

**"स्वच्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रशासनः विकास, समृद्धि र सुशासन"**

राज्य सञ्चालनमा करको महत्त्व र अपरिहार्यतालाई आत्मसाथ गर्दै विगत ९ वर्षदेखि हरेक वर्ष मंसीर १ गतेलाई राष्ट्रिय कर दिवसको रूपमा मनाउदै आइएको छ । नेपालमा व्यवस्थित रूपमा कर प्रणालीको स्थापना गरिएको छ दशक भन्दा बढी समय भइसकेको छ । यस अवधिमा कर प्रणालीलाई समयानुकूल र न्यायपूर्ण वनाउन विभिन्न सुधारका प्रयासहरू भएका छन् ।

लोककल्याणकारी राज्यमा कर राजस्व संकलनको माध्यम मात्र नभएर राज्यले अवलम्वन गरेको आर्थिक समृद्धि र न्यायपूर्ण समाज स्थापनाका लागि पनि उत्तिकै अपरिहार्य हुन्छ । हाल आन्तरिक राजस्व विभागले मातहतका ८४ वटा कार्यालहरूवाट करिव ३५ लाख करदाताहरूलाई प्रत्यक्ष सेवा पुर्‍याउदै आएको र मुलुकको राजस्व संकलनमा अग्रणी भूमिका निर्वाह गर्दै आइरहेको व्यहोरा स्मरण गराउन चाहन्छु ।यसै क्रममा नवौं राष्ट्रिय कर दिवशले स्वच्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रणालीमार्फत् विकास समृद्धि र सुशासनको लक्ष्य हासिल गर्ने ध्येय राखेको छ । राष्ट्रिय कर दिवसको यस पुनीत अवसरमा हाम्रा सम्पूर्ण करदाता महानुभावहरू, नीतिगत निर्देशन एवं सदैव मार्ग निर्देश गर्नु हुने माननीय अर्थ मन्त्रीज्यू, श्रीमान् सचिवज्यूहरु, अर्थ मन्त्रालय परिवार, सम्बद्ध मन्त्रालय, कर प्रशासन सम्वद्ध राष्ट्र सेवक मित्रहरू एवं श्रद्धेय अग्रजहरू, हामीलाई कार्य सम्पादनमा सहयोग एवं सहकार्य गर्नुहुने भन्सार विभाग, राजस्व अनुसन्धान विभाग ,सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, सम्बद्ध सवै विभाग, नेपाल राजस्व परामर्श विकास समिति, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, राष्ट्रिय उद्योग व्यापार संगठन लगायतका वस्तुगत संघ संगठनहरु, आम नागरिक एवं सरोकारवाला सवैमा आन्तरिक राजस्व विभाग परिवार र मेरो व्यक्तिगत तर्फवाट नवौं राष्ट्रिय कर दिवस एवं नेपालीहरूका चाड तिहार, नेपाल सम्वत र छठ पर्वको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

साथै, कर दिवसको पुनीत अवसरमा आम करदाता महानुभावहरूमा कोभिड १९ को प्रतिकूल अवस्थामा पनि आ. ब. २०७६/२०७७ मा ३ खर्व ८४ अर्व राजस्व संकलन गर्न पुर्‍याउनु भएको योगदानको उच्च मूल्याङ्कन गर्दै नेपाल सरकारवाट आर्थिक ऐन, २०७७ मार्फत् उपलब्ध गराइएका विभिन्न कर छुट सुविधा तथा अवसरहरूको उपयोग गर्न र यो वर्ष पनि नेपाल सरकारबाट विभागलाई सुम्पिएको ४ खर्व ५० अर्व राजस्व संकलनमा योगदान पुर्‍याउनु हुन हार्दिक अपिल गर्दछु !

गुणस्तरीय कर परीक्षण एवं प्रभावकारी अनुसन्धान मार्फत् स्वच्छ एवं पारदर्शी, व्यवसायिक र करदातामैत्री वातावरण कायम गर्न र प्रविधि सुधार मार्फत् सेवा प्रवाहको सरलीकरण र कर सहभागिता लागत घटाउन विभाग प्रतिवद्ध रहेको व्यहोरा समेत यस पावन अवसरमा स्मरण गराउन चाहन्छु ।

विनोदबहादुर कुँवर

महानिर्देशक

आन्तरिक राजस्व विभाग